मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा, नेपाल

## मिति २०७९।६।५ गते बसेको सचिव बैठकका निर्णयहरू :

१. मिति २०७९।५।५ गतेको सचिव बैठकका निर्णयहरूको कार्यान्वयन अवस्थाको प्रगति समीक्षा गरियो।

२. मन्त्रालय/निकायहरूबाट वार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्ययोजना अनुसारका कार्यक्रम, ऐन, नियम तर्जुमा लगायतका विषयमा हालसम्म भए गरेका प्रगतिको बारेमा संक्षिप्त प्रस्तुती गरियो।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिहंदरबार, काठमाडौंको प.सं.२०७९/८०, प्रा.स./४२१/१६८८, मिति २०७९।०६।०४ गतेको वैदेशिक सहायता तथा कुटनीतिक भेटघाट सम्बन्धमा प्राप्त पत्रको बारेमा बैठकमा जानकारी गराइयो।

४. मन्त्रालय/निकायले गण्डकी प्रदेश अर्थ मन्त्रालयबाट प्राप्त आ.व. २०७९।८० को बजेट खर्च गर्ने अख्तियारी सम्बन्धी मार्गदर्शनको अध्ययन गरी कार्यान्वयनमा जोड दिने।

५. नेपाल सरकारबाट प्रदेशको लागि स्वीकृत दरबन्दी, नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षणमा सिर्जना भएका दरबन्दी, प्रदेश लोक सेवा आयोगबाट सिफारीस भई नयाँ नियुक्ति गरिएका दरबन्दी सम्बन्धमा मन्त्रालय/निकायले आवश्यक विवरण उपलब्ध गराउने।

६. आसन्न प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन सम्पन्न गर्नका लागि जारी भएका निर्देशन पालना गरी निर्वाचन प्रक्रियामा सहयोग पुऱ्याउने।

२०७९।६।५

प्रमुख सचिव